नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाण्डौको

## पुराना जिन्सी मालसामानहरु लिलाम बिक्रिको लागी बोलपत्र आब्हानको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०७५।०१।१९

यस सार्वजनिक खरिद अनुगमन कार्यालयमा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. मालसामानको विवरण

| क्र.सं. | समानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्कुटर बा.१ ब. ७७४५ | १ | |
| २ | गाडि बा.१ झ. ४६२३ | १ | |
| ३ | भ्याकुम क्लिनर | २ | |
| ४ | कम्प्युटर टेवल | ५ | |
| ५ | मिटिङ राउण्ड टेवल | १ | |
| ६ | स्टिल ओपन-याक | २ | |
| ७ | स्टिल दराज | १ | |
| ८ | रिभल्भिङ एक्जिक्युटिभ कुर्सी | १ | |
| ९ | कम्प्युटर कुर्सी | १३ | |
| १० | स्टान्ड फयान | ९ | |
| ११ | टिभि | १ | |
| १२ | एअर कन्डिसन | १ | |
| १३ | साइकल | ३ | |
| १४ | ब्याटरि ७० एएच | २० | |
| १५ | युपिएस १२० भिए | १ | |
| १६ | मिनि एक्जेकेटिभ कुर्सी | १३ | |
| १७ | प्रिन्टर | २ | |
| १८ | डिजिटल क्यामेरा | ३ | |
| १९ | प्रोजेक्टर | २ | |
| २० | भिडियो क्यामेरा | १ | |
| २१ | एक्सटर्नल हार्ड डिस्क | १ | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय
काठमाडौं

| क्र.सं. | समानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| २२ | फ्रिज | १ | |
| २३ | मोवाइल | १ | |
| २४ | टेलिफोन सेट | ३८ | |
| २५ | कुसन मेच हात नभएको | १२ | |
| २६ | ग्यास हिटर | २ | |
| २७ | एलसिडि मोनिटर | १ | |
| २८ | लोवेड | १ | |
| २९ | हाइब्याक एक्जुकेटिभ कुर्सी | १ | |
| ३० | मट्टितेल हिटर | १ | |
| ३१ | ल्यापटप कम्प्युटर | ७ | |
| ३२ | मिनि ल्यापटप | १ | |
| ३३ | डेस्कटप कम्प्युटर | १९ | |
| ३४ | फोटोकपी मेशिन | १ | |
| ३५ | उडन भिजिटर कुर्सी | ३ | |

२. इच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं (मिति २०७५।०१।२५ गते) दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंक, टेकुमा रहेको राजश्व खाता नं. क११००१, कार्यालय कोड २७३०१०४, राजश्व शिर्षक नं. १४२२७ मा रु. ३००।- (फिर्ता नहुने गरी) जम्मा गरेको भौचर, अध्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रका प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. खरिद गरिएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन (मिति २०७५।०१।२६ गते) दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । यसरी म्याद भित्र दाखिला भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदातहरु वा निजहरुको प्रतिनिधीहरुको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ ।

५. बोलपत्रसाथ बोलपत्रदाताले आफुले कवोल गरेको रकमको १०% का दरले हुन आउने एकमुष्ठ रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, टेकु स्थित धरौटी खाता नं. १७००२०३ र कार्यालय कोड नं. २७३०१०४ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. बोलपत्र साथ अध्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रका प्रतिलिपि अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्नेछ । व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७. रित नपुगेको वा म्याद नाघि आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. बोलपत्र स्विकृत गर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा अस्विकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. लिलाम गर्ने सम्पुर्ण सामानहरुको न्यूनतम मूल्य रु. ८८,९९०।- (अक्षरुपी अठासी हजार नौ सय नब्बे मात्र) कायम गरिएको छ ।

१०. सम्वन्धित इच्छुक व्यक्तिले लिलाम हुने वस्तु हेर्न चाहेमा तथा विस्तृत जानकारीको लागी यस कार्यालयको स्टोर शाखामा सम्पर्क राख्नु होला ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि नियमावली, २०६४ र प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।